रास्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/८० (योजना शाखा) च.नं. :- ४१२ मिति :- २०७९/०५/२८

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रशासन शाखा
श्री शिक्षा युवा तथा खेलकुद शाखा,
श्री कृषि शाखा,
श्री जनस्वास्थ्य शाखा,
श्री प्राविधिक शाखा,
श्री राष्ट्रिय भूमि आयोगको शाखा,
श्री महिला तथा बालबालिका शाखा,
श्री आर्थिक प्रशासन शाखा,
श्री वडा कार्यालयहरु सबै,
रास्ती सोनारी गाउँपालिका, बाँके ।

उपरोक्त सम्बन्धमा त्यहां शाखा/वडासंग सम्बन्धित गाउं कार्यपालिकाको मिति २०७९ भाद्र ०५ गते बसेको बैठकको निर्णय प्रतिलिपि पाना ३ (तीन) यसै साथ संलग्न राखी आवश्यक कार्यको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.........................

(बालानन्द पौडेल)

अधिकृत स्तर छैटौं योजना शाखा

योजना शाखा प्रमुख (अधिकृत छैटौं)

## २०७९ भाद्र ५ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**प्रस्तावहरु**

१) कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

२) हेफर साझेदारी कार्यक्रम निरन्तरता सम्बन्धमा ।

३) विविध

**निर्णयहरु :-**

प्रस्ताव नं. १ मा छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो :-

**(१.क)** कार्यपालिकाको निर्णय अनुसार २०७८ फागुन देखि न्यूनतम प्रकृया नपुर्याई नियुक्त गरिएका करार तर्फका कर्मचारीहरुको करार सेवा नविकरण नगर्ने र निजहरुलाई २०७९ भाद्र मसान्त सम्म करार सेवा नवीकरण गरि पारीश्रमीक रकम दिने । साथै प्रकृयागत हिसावले नियुक्त भएका कर्मचारीहरुको हकमा २०७९ पौष मसान्त सम्मका लागि करार सेवा नवीकरण गर्ने निर्णय गरियो ।

**(१.ख)** शिक्षा तर्फ देहाय वमोजिम गर्ने :-

- २०७८ भाद्र महिना र सो पश्चात विभिन्न विद्यालयहरुमा शिक्षक तथा कर्मचारी नियुक्ति प्रयोजनका लागि उपलब्ध गराइएको गा.पा.अनुदानबाट नियुक्त भएका शिक्षकंहरु मध्ये विज्ञान विषय वाहेक शिक्षण अध्यापन अनुमति प्रमाण-पत्र नभई नियुक्त भएका शिक्षकहरुलाई २०७९ भाद्र मसान्त पश्चात काम-काजमा नलाउने ।
- २०७८ भाद्र महिना र सो पश्चात विभिन्न विद्यालयहरुमा शिक्षक तथा कर्मचारी नियुक्ति प्रयोजनका लागि उपलब्ध गराइएको गा.पा.अनुदानबाट शिक्षक वाहेकका पदमा नियुक्त भएका अन्य कर्मचारीहरुलाई २०७९ भाद्र मसान्त पश्चात काम-काजमा नलगाउने ।
- २०७८ भाद्र महिना र सो पश्चात गाउँपालिकाले अनुदान उपलब्ध गराउने भनि नियुक्त भएका शिक्षक तथा अन्य कर्मचारीहरुका तलव/भत्ता २०७९ असाढ मसान्त सम्मको भुक्तानी गर्ने ।
- २०७८ भाद्र महिना र सो पश्चात विभिन्न विद्यालयहरुमा गा.पा.अनुदानबाट तलव/भत्ता पाउने शिक्षक पदमा नियुक्त भएका शिक्षकहरुलाई २०७९ पौष मसान्त सम्म काम-काजमा लगाउने ।
- माथि उल्लेखित विषयमा विद्यालयहरुलाई तत्काल पत्राचार गरिन निर्णय कार्यान्वयन गर्ने ।

**(१.ग)** रासी सोनारी अस्पताल स्वास्थ्य तर्फका कर्मचारीहरुको हकमा मिति २०७८/१०/२० र २१ गते प्रकाशित सूचना वमोजिम नियुक्त भएकाहरुको मात्र २०७९ पौष मसान्त सम्म करार सेवा नवीकरण गर्ने र पारीश्रमीक दिने, उक्त दरवन्दी भन्दा वाहेक, टाडो नियुक्त भएका कर्मचारीहरुको करार सेवा नवीकरण नगर्ने, साथै २०७९

(क्र = २)

## २०७९ भाद्र ५ गते बसेको गाऊँ कार्यपालिका बैठकको निर्णयहरु

पौष मसान्त पश्चात स्वीकृत संगठनात्मक दरबन्दि र संघीय दरबन्दि तेरिजका आधारमा कर्मचारी व्यवस्थापन गर्ने ।

प्रस्ताव नं. २ मा छलफल गर्दा आगामी बैठकबाट आवश्यक रकमको श्रोत जुटाई हेफर साझेदारी कार्यक्रमलाई निरन्तरताका लागि प्राथमिकता दिने ।

प्रस्ताव नं. ३ मा छलफल गर्दा देहाय वमोजिमको निर्णय गरियो :-

(३.क) रोजगार संयोजकको परीक्षा संचालन तथा सो संग सम्बन्धि सम्पूर्ण कार्यका लागि जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई संयोजक तोक्ने र विज्ञको रुपमा कोहलपुर न.पा.कार्यालयका IT Officer लाई तोक्ने।

(३.ख) प्रशासकीय भवन निर्माण कार्यको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७९/८० च.नं. १ मिति २०७९/०४/२५ गतेको पत्रको व्यहोरा अवगत गरियो । साथै भवन निर्माणको प्रगति विवरण तथा बजेट विनियोजनका लागि प्राप्त प्रगति विवरण ढाँचा प्राविधिक शाखा मार्फत तयार गरी २०७९ भाद्र महिना भित्र मन्त्रालयमा पठाउने ।

(३.ग) रासी सोनारी गा.पा.संग सिमाना जोडिएका नरैनापुर गा.पा., डुडुवा गा.पा. र कोहलपुर न.पा.को वास्तवीक सिमा, एकिन कार्यमा सहजिकरण गरिदिन जिल्ला समन्यव समिति, बाँकेमा अनुरोध गरि पठाउने ।

(३.घ) वडा नं. ६, ७ र ९ को पायक पर्ने स्थानमा बैंक स्थापनाका लागि सनराईज बैंकलाई अनुरोध गर्ने निर्णय गरियो । साथै वडा ८ मा राष्ट्रिय वाणिज्य बैंक लि.को शाखा विस्तारका लागि अनुरोध गर्ने ।

(३.ङ) मिति २०७९ भाद्र १२ र १३ गतेका दिन थारुहरुको मुख्य चाडका रुपमा रहेको अतवारी पर्वका दिन कार्यालय मातहतका सम्पूर्ण कार्यालयहरुलाई स्थानीय सार्वजनिक विदा दिने ।

(३.च) देहाय वमोजिमका आयोजनाहरु निर्माणका लागि संघीय सरकारबाट आर्थिक रकम माग गर्ने :-

- वडा नं. ७ मा पर्ने खल्ला झगडियाको (रासी नदीमा) गाऊँपालिकाले DPR तयार गरि झोलुङ्गेपुल निर्माण
- वेलबास टोल र राजपुर टोल विचमा पर्ने परुवा खोलामा झो.पु. निर्माण- २
- सब-डिभिजन वन कार्यालय देखि दक्षिण नवलपुर श्री कृष्ण थारुको घरसम्म बाटो कालोपत्रे- ३ बैंसा
- पिकनिक पार्कको डि.पि.आर.- ३ बैंसा
- खलखले खोलामा पक्की पुल निर्माण- ३ ठूलो खैरहनी
- सिक्टा सिचाई नहरमा तारजाली- ३ भगौनिपुर
- भन्ते खोलामा डाइभर्सन र तटबन्ध- ९ डकेरी

२०७९ भाद्र ५ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

- चुके नालामा डाइर्भसन र तटबन्ध- ९ ढकेरी
- महादेवा र बुचापुर जोडने झिझरी खोलामा पक्की पुल निर्माण- ९ ढकेरी
- महादेवपुरी स्वास्थ्य चौकी पक्की भवन निर्माण- ९ ढकेरी

(३.छ) वनजन्य जन्तुद्वारा हुने वालीनालीहरुको क्षतिको बाँके राष्ट्रिय निकुन्ज र कृषि मिटरको लागि नेपाल विद्युतलाई सिफारिस गर्न परेमा अब उप्रान्त वडा कार्यालयमा कार्यरत कृषि प्राविधिकलाई कार्य गर्न सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

(३.ज) यस कार्यालयको चालु आ.व.को वार्षिक कार्यक्रम अन्तरगत "पुष्प व्यवसायी खेती संचालन अनुदान" कार्यक्रम संचालनका लागि सुचना प्रकाशित गर्ने ।

(३.झ) गा.पा.अन्तरगतका पुराना भवनहरुको अभिलेखिकरण गर्ने कार्य २०७९ माघ मसान्त सम्म प्राविधिक शाखा मार्फत सम्पन्न गर्ने र उक्त तोकिएको समयावधि भित्र अभिलेखिकरण नगर्ने भवनहरुको कूल लाग्ने राजश्वको ५०% विलम्व दस्तुर लिई थप एक महिना म्याद हद कायम गरि अभिलेखिकरण गरिने छ । तत् पश्चात निर्माण हुने नयाँ भवनहरुको अनिवार्य नक्सा पास गरि भवन निर्माण गर्ने ।